नेपाल पेडियाट्रीक सोसाईटी
NEPAL PAEDIATRIC SOCIETY (NEPAS)

जि.प्र.का. काठमाण्डौ प्र.नं. १७/०४३/४४, प्यान नं. ३०१९५५३८२
Contact No: 9803594327 G.P.O. Box No. 2668, Baluwatar, Kathmandu, Nepal
Email: nepas2010@gmail.com ; office@nepas.org.np / website: www.nepas.org.np

Ref. No. 2026-NEP/1007-0158

मिति: २०८३/०६/२०

ADVISORS
Dr. Ramesh K. Adhikari
Dr. Kulesh B. Thapa
Dr. Laxman P. Shrestha
Dr. Krishna P. Bista
Dr. R.P. Bichha

EXECUTIVE COMMITTEE

President
Dr. Arun Kumar Neopane

Vice President
Dr. Ram Hari Chapagain

General Secretary
Dr. Prakash Joshi

Treasurer
Dr. Keshav Agrawal

Secretary
Dr. Deepak Rajbhandari

Joint-Treasurer
Dr. Smriti Mathema

MEMBERS
Dr. Bimala Baniya
Dr. Biraj Parajuli
Dr. Bishow Nath Adhikari
Dr. Deepak Mishra
Dr. Love Kumar Sah
Dr. Pawana Kayastha
Dr. Sangita Shakya
Dr. Santosh Adhikari
Dr. Srijana Basnet

INTERNATIONAL AFFILIATION
International Pediatric Association (IPA)

Asia Pacific Pediatric Association (APPA)

South Asian Pediatric Association (SAPA)

माननिय स्वास्थ्य तथा खाध्य स्वच्छता मन्त्री श्री नीशा मेहता ज्यू समक्ष विधमान बाल स्वास्थ्य सेवाको सुधारका लागि नेपाल पेडियाट्रीक सोसाईटी (NEPAS) का तर्फबाट प्रस्तुत सुझावहरु:

नेपालको संविधान, २०७२ ले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा स्थापित गर्नुका साथै, बालबालिकाको अधिकार तथा स्वास्थ्यका सम्बन्धमा विशेष व्यवस्था गरेको छ । नेपाल बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि लगायतका अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूको पक्षधर राष्ट्रसमेत भएकाले बालबालिकाको स्वास्थ्य संरक्षण, प्रवर्द्धन र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु राज्यको महत्वपूर्ण दायित्व हो ।

नेपाल पेडियाट्रिक सोसाइटी (NEPAS) नेपालमा बाल स्वास्थ्यको क्षेत्रमा कार्यरत बालरोग विशेषज्ञहरूको गैरनाफामूलक, गैरराजनीतिक तथा व्यावसायिक संस्था हो । नेपालको कुल जनसंख्यामा बालबालिकाको उल्लेखनीय हिस्सा रहेको र अन्तर्राष्ट्रिय अभ्यासअनुसार १८ वर्षमुनिको उमेर समूहलाई बालबालिकाका रूपमा परिभाषित गरिने पाईएकोले पनि नेपालमा बालबालिकाको संख्या अझ बढी रहेको तथ्यलाई आत्मसाथ गर्दै सो उमेर समुहलाई उचित स्वास्थ्य सेवा प्रदान गर्न नेपालमा बाल स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र विशिष्टीकरणलाई थप सुदृढ गर्न आवश्यक छ । बालबालिकाको स्वास्थ्य उपचार, समग्र वृद्धि तथा विकास र स्वास्थ्य प्रवर्द्धनका क्षेत्रमा आफ्नो विशेषज्ञता र अनुभवका आधारमा NEPAS, नेपाल सरकार समक्ष निम्न सुझावहरू प्रस्तुत गर्दछ ।

१. राष्ट्रिय बाल स्वास्थ्य अध्ययन संस्थानको स्थापना तथा कान्ती बाल अस्पतालको स्तरोन्नति

नेपालमा बाल स्वास्थ्यका विभिन्न विधामा उच्चस्तरीय अध्ययन अध्यापन सहित विशेषज्ञता हासिल गर्नका साथै अनुसन्धान, तालिम तथा विशिष्टीकृत सेवा विकास एवं विस्तारका लागी **कान्ती बाल अस्पताल** लाई **"राष्ट्रिय बाल स्वास्थ्य अध्ययन संस्थान (National Institute of Child Health)"** का रूपमा विकास गर्न आवश्यक छ । तात्कालिन श्री ५ को सरकार (मं प) द्वारा बाल स्वास्थ्य अध्ययन संस्थान स्थापना गर्न सैद्दान्तिक स्विकृती प्रदान भए पश्चात (मं प) को मिती २०५२/५/१९ को निर्णय अनुसार डा. मणिन्द्ररञ्जन बरालको अध्यक्षतामा १३ सदस्यीय कार्यदल गठन गरिएको बाट नै मुलुकले बाल स्वास्थ्य अध्ययन संस्थानको दीर्घकालीन आवश्यक्ता र औचित्य आज भन्दा करिब ३ दशक अघिनै महसुश गरेको पुष्टी गर्दछ । सो अवधारणाको बिजारोपण भएको करिब २५ वर्ष पछी नेपाल सरकारको आर्थिक बर्ष २०७७ /०७८ को नीति तथा कार्यक्रममा समेत कान्ती बाल अस्पताललाई बालरोगका विभिन्न विधामा उच्च शिक्षा अध्ययनको उत्कृष्ट केन्द्रका रूपमा विकास गर्ने नीति उल्लेख गरिएको पृष्ठभूमिमा मुलुकमा करिब ६१ वर्ष अघी स्थापित हालसम्मको एक मात्र प्रमुख सरकारी बाल अस्पताल **कान्ती बाल अस्पताल**लाई "**राष्ट्रिय बाल स्वास्थ्य अध्ययन संस्थान**" सहित अनुसन्धान, तालिम तथा विशिष्टीकृत सेवाको केन्द्रका रूपमा विकास गर्न आवश्यक पहल गरिनुपर्छ ।

२. प्रत्येक प्रदेशमा बाल स्वास्थ्य सेवाको सुदृढीकरण तथा प्रदेशस्तरीय बाल अस्पतालको अवधारणा

दुर्गम तथा ग्रामीण क्षेत्रका बिरामी बालबालिकाले सामान्य तथा विशिष्टीकृत उपचारका लागि काठमाडौं आउनुपर्ने बाध्यता अझै रहेको छ। प्रत्येक प्रदेशमा छुट्टै बाल अस्पताल स्थापना गर्नु दीर्घकालीन लक्ष्यका रूपमा राख्न सकिए पनि तत्काल सबै प्रदेशमा नयाँ अस्पताल स्थापना गर्न व्यावहारिक कठिनाइ हुन सक्छ । त्यसैले हाल सञ्चालनमा रहेका **प्रदेश** अस्पतालहरूका बालरोग विभागको Infrastructure, Equipment, Human Resources तथा

Ref. No.

ADVISORS
Dr. Ramesh K. Adhikari
Dr. Kulesh B. Thapa
Dr. Laxman P. Shrestha
Dr. Krishna P. Bista
Dr. R.P. Bichha

EXECUTIVE COMMITTEE

President
Dr. Arun Kumar Neopane

Vice President
Dr. Ram Hari Chapagain

General Secretary
Dr. Prakash Joshi

Treasurer
Dr. Keshav Agrawal

Secretary
Dr. Deepak Rajbhandari

Joint-Treasurer
Dr. Smriti Mathema

MEMBERS
Dr. Bimala Baniya
Dr. Biraj Parajuli
Dr. Bishow Nath Adhikari
Dr. Deepak Mishra
Dr. Love Kumar Sah
Dr. Pawana Kayastha
Dr. Sangita Shakya
Dr. Santosh Adhikari
Dr. Srijana Basnet

INTERNATIONAL AFFILIATION
International Pediatric Association (IPA)

Asia Pacific Pediatric Association (APPA)

South Asian Pediatric Association (SAPA)

Quality Improvement मा प्राथमिकताका साथ लगानी तथा सुधार गरिनुपर्छ । दीर्घकालमा प्रत्येक प्रदेशमा सक्षम प्रदेशस्तरीय बाल अस्पतालको विकास गर्ने नीति अवलम्बन गर्नुपर्छ। यसबाट बाल स्वास्थ्य सेवामा क्षेत्रीय समानता कायम गर्न तथा दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न समेत सहयोग पुग्नेछ ।

३. बाल स्वास्थ्यसम्बन्धी नीति, योजना तथा उपचारात्मक कार्यक्रमहरूमा NEPAS को संलग्नता

बालबालिकाको स्वास्थ्यसम्बन्धी राज्यका नीति, योजना, रणनीति तथा कार्यक्रमहरू, विशेषगरी उपचारात्मक तथा विशिष्टीकृत बाल स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रमहरूमा **नेपाल पेडियाट्रिक सोसाइटी (NEPAS)** लाई संस्थागत रुपमै प्रमुख प्राविधिक साझेदार **(Technical Partner/Stakeholder)** सरह संलग्न गरिनुपर्छ । यसबाट नीति तथा कार्यक्रम निर्माणमा बालरोग विशेषज्ञताको प्रत्यक्ष उपयोग भई प्रमाणमा आधारित, व्यावहारिक र गुणस्तरीय बाल स्वास्थ्य सेवा सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

४. राष्ट्रिय उपचार प्रोटोकल (National Treatment Protocol) निर्माण तथा NEPAS का Standard Treatment Guidelines को उपयोग

बालबालिकाको उपचारमा देशभर सकेसम्म एकरूपता, गुणस्तर र प्रमाणमा आधारित अभ्यास सुनिश्चित गर्न सम्बन्धित विषयविज्ञहरूको सहभागितामा **National Treatment Protocol (NTP)** निर्माण तथा कार्यान्वयन गरिनुपर्छ । यसका साथै विगतमा उपचारात्मक महाशाखाको पहलमा तयार गरिएको Standard Treatment Protocol लाई वर्तमान आवश्यकता र चिकित्सा अभ्यासअनुसार आवश्यक परिमार्जनसहित यथाशीघ्र कार्यान्वयनमा ल्याउनुपर्छ । यस सन्दर्भमा NEPAS ले विषयगत विशेषज्ञहरूको सहभागितामा तयार गरी क्रमशः आफ्नो वेबसाइटमा उपलब्ध गराउँदै आएका **Standard Treatment Guidelines (STGs)** लाई समेत आवश्यक प्राविधिक समीक्षा तथा अनुमोदन गरी सरकारी स्वास्थ्य प्रणालीमा प्रयोग गर्न उपयुक्त हुनेछ ।

५. बाल स्वास्थ्यका लागि आवश्यक जनशक्तिको दरबन्दी सिर्जना तथा वैज्ञानिक परिचालन

देशको बढ्दो जनसंख्या र बाल स्वास्थ्य सेवाको बढ्दो आवश्यकता हेर्दा हाल कायम रहेका पुराना दरबन्दीका आधारमा मात्र गुणस्तरीय बाल स्वास्थ्य सेवा सुनिश्चित गर्न कठिन छ । त्यसैले चिकित्सक, नर्स तथा अन्य आवश्यक स्वास्थ्यकर्मीहरूको **वैज्ञानिक जनशक्ति आवश्यकता आकलन** गरी आवश्यक नयाँ दरबन्दी सिर्जना गर्नुपर्छ । सिर्जित जनशक्तिलाई आवश्यकता, सेवा भार, भौगोलिक अवस्था र जनसंख्याको आधारमा वैज्ञानिक ढंगले परिचालन गर्न आवश्यक छ ।

६. बालमैत्री तथा शिशुमैत्री एम्बुलेन्स सेवाको व्यवस्था

हाल सञ्चालनमा रहेका अधिकांश एम्बुलेन्सहरू बालबालिका तथा विशेषगरी शिशुको सुरक्षित स्थानान्तरणका लागि आवश्यक बालमैत्री संरचना र उपकरणबाट पर्याप्त रूपमा सुसज्जित छैनन् । फलस्वरूप बिरामी बालबालिकालाई एक स्वास्थ्य संस्थाबाट अर्को संस्थामा स्थानान्तरण गर्दा गन्तव्यमा पुग्नुअघि नै उनीहरूको अवस्था थप जटिल हुन सक्ने जोखिम रहन्छ । त्यसैले **बालमैत्री तथा शिशुमैत्री एम्बुलेन्स सेवा** विकास गरी आवश्यक उपकरण, औषधि तथा प्रशिक्षित जनशक्तिसहित चरणबद्ध रूपमा विस्तार गरिनुपर्छ ।

७. सबै अस्पतालमा प्रभावकारी Triage प्रणालीको अनिवार्य कार्यान्वयन

सबै अस्पताल तथा आकस्मिक सेवामा बिरामीको गम्भीरताका आधारमा वर्गीकरण गरी उपचार प्राथमिकता निर्धारण गर्ने **Triage प्रणाली** प्रभावकारी रूपमा लागू गरिनुपर्छ । यसका साथै स्वास्थ्यकर्मीहरूका लागि नियमित क्षमता अभिवृद्धि तथा सर्वसाधारणमा Triage सम्बन्धी जनचेतना अभिवृद्धि गरिनुपर्छ । प्रभावकारी Triage प्रणालीबाट बढी गम्भीर बिरामीले प्राथमिकता प्राप्त गर्नुका साथै आकस्मिक कक्षमा हुने अनावश्यक भीड तथा सेवा प्रदायक माथिको दबाबसमेत कम गर्न सहयोग पुग्नेछ ।

८. नवजात शिशु तथा बाल स्वास्थ्यका लागि अत्यावश्यक औषधिको निरन्तर उपलब्धता सुनिश्चित गर्ने

नवजात शिशुको उपचारमा प्रयोग हुने केही अत्यावश्यक औषधिहरूको अभाव लामो समयदेखि देखिँदै आएको छ ।

Ref. No.

ADVISORS
Dr. Ramesh K. Adhikari
Dr. Kulesh B. Thapa
Dr. Laxman P. Shrestha
Dr. Krishna P. Bista
Dr. R.P. Bichha

EXECUTIVE COMMITTEE

President
Dr. Arun Kumar Neopane

Vice President
Dr. Ram Hari Chapagain

General Secretary
Dr. Prakash Joshi

Treasurer
Dr. Keshav Agrawal

Secretary
Dr. Deepak Rajbhandari

Joint-Treasurer
Dr. Smriti Mathema

MEMBERS
Dr. Bimala Baniya
Dr. Biraj Parajuli
Dr. Bishow Nath Adhikari
Dr. Deepak Mishra
Dr. Love Kumar Sah
Dr. Pawana Kayastha
Dr. Sangita Shakya
Dr. Santosh Adhikari
Dr. Srijana Basnet

INTERNATIONAL AFFILIATION
International Pediatric Association (IPA)

Asia Pacific Pediatric Association (APPA)

South Asian Pediatric Association (SAPA)

उदाहरणका रूपमा Phenobarbitone injection वर्षौं देखी अभाव भैरहेको पृष्ठभुमिमा NEPAS ले पटक–पटक औषधि व्यवस्था विभाग (DDA) को ध्यानाकर्षण गराउँदै आएको भए पनि समस्याको समाधान हुन नसकेको अवस्था छ। नवजात तथा बाल स्वास्थ्यमा अत्यावश्यक औषधिको नियमित आपूर्ति, खरिद, भण्डारण र वितरण प्रणालीको समीक्षा गरी यस्ता औषधिको निरन्तर उपलब्धता सुनिश्चित गर्न तत्काल सक्रिय कदम चालिनुपर्छ।

९. बाल स्वास्थ्यका विभिन्न विशिष्टीकृत सेवाको औपचारिकीकरण तथा विस्तार

अन्तर्राष्ट्रियस्तरमा स्वास्थ्य सेवाको विशिष्टीकरण तीव्र रूपमा विकास भइरहेको सन्दर्भमा नेपालमा पनि विभिन्न विधामा उच्च शिक्षा तथा विशेषज्ञता हासिल गरी विशिष्टीकृत बाल स्वास्थ्य सेवा प्रदान गरिरहेका बालरोग विशेषज्ञहरूको उच्च शिक्षा, विशेषज्ञ सेवा र सीपलाई **औपचारिक मान्यता तथा संस्थागत संरचना** प्रदान गर्न आवश्यक छ। यसबाट देशमै विशिष्टीकृत बाल स्वास्थ्य सेवाको विकास, विस्तार र गुणस्तर अभिवृद्धि गर्न तथा बालबालिकालाई आवश्यक उपचारका लागि विदेश वा सीमित केन्द्रमा निर्भर हुनुपर्ने अवस्था कम गर्न सहयोग पुग्नेछ।

१०. बालबालिकाको उमेर सम्बन्धी परिभाषालाई १८ वर्षसम्म समायोजन गर्ने

अन्तर्राष्ट्रिय अभ्यास तथा बाल अधिकारसम्बन्धी प्रचलित मान्यताअनुसार १८ वर्षमुनिका व्यक्तिलाई बालबालिकाका रूपमा परिभाषित गरिन्छ। यस सन्दर्भमा नेपालमा पनि बालबालिकाको उमेरसम्बन्धी परिभाषालाई सम्बन्धित कानुन तथा नीतिहरूमा **१८ वर्षसम्म एकरूप हुने गरी समायोजन** गर्न आवश्यक छ। यसबाट बालबालिकाको स्वास्थ्य, संरक्षण, अधिकार तथा सेवासम्बन्धी नीति र कार्यक्रमहरूमा स्पष्टता तथा एकरूपता कायम गर्न सहयोग पुग्नेछ।

निष्कर्ष

नेपालका बालबालिकाको स्वास्थ्य संरक्षण, गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच तथा बाल स्वास्थ्य प्रणालीको दीर्घकालीन सुदृढीकरणका लागि माथि उल्लिखित विषयहरूमा नेपाल सरकारले आवश्यक नीति, संस्थागत तथा कार्यक्रमगत पहल गर्नुपर्ने देखिन्छ।

नेपाल पेडियाट्रिक सोसाइटी (NEPAS) बाल स्वास्थ्यसम्बन्धी नीति, योजना, कार्यक्रम तथा सेवाको विकास र कार्यान्वयनमा नेपाल सरकारसँग आवश्यक **प्राविधिक सहयोग, विशेषज्ञता र सहकार्य** गर्न प्रतिबद्ध रहेको व्यहोरा समेत अनुरोध गर्दछ।

भवदीय,

डा. प्रकाश जोशी
महासचिव

डा. अरुण कुमार न्यौपाने
अध्यक्ष